# त्रि.वि.कानुन संकाय ,नेपाल ल क्याम्पस एलएल. बी. द्धित्तीय वर्ष (आंशिक विद्यार्थी) का लागि

# अभ्यास अदालत (Moot Court) अन्तर्गत निर्धारित मुद्दा

| वादी | प्रतिवादी |
|---|---|
| राजन थापाको जाहेरीले नेपाल सरकार | जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ६ बस्ने संजय गुरुङ्ग र ऐ ऐ बस्ने मिन बहादुर पुन |

**मुद्दाः ज्यान सम्बन्धी कसूर**

- २०७७।०८।०१ गते बुटवल उपमहानगरपालिका वडा नं. ३ चिडियाखोलामा मेरो भाई बरुण थापालाई संजय  गुरुङ्ग र मिन बहादुर पुनले हेलमेट, ढुङ्गामुडा समेतले प्रहार गरी घाईते बनाएको अवस्थामा उद्धार गरी लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचार हुंदाहुंद निज भाई बरुण थापाको मृत्यु भएको हुदाँ कसूरदारहरुलाई प्रक्राउ गरी ज्यान सम्बन्धी कसूरमा कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको राजन थापाले दिएको जाहेरी दरखास्त ।
- जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ३ स्थित पूर्व सडक, पश्चिम तिनाउ खोला, उत्तर भ्काडी दक्षिण गोदाम घर यति ४ किल्ला भित्रको सानो चौरमा ढुगां यत्रतत्र छरिएको, रगत जस्तो पदार्थ लागेको हेल्मेट चौरको दक्षिण छेउमा फेला परेको, घाँस माडिएको अवस्थामा रहेको र घाँसमा रगत जस्तो पदार्थ लागेको भन्ने समेतको घटनास्थल/वरामदी मुचुल्का ।
- मृतक बरुण थापाको निधारको बीच भागमा १.५ इन्च लामो निलडाम रहेको, दुवै आखाँ सुन्निएको, घाँटीमा १ इन्च लामो गहिरो प्वाल परेको घाउ, कुहिनाको भित्रीभागमा ३.५ इन्च लामो टाउको घाउ रहेको , लिङ्गबाट तरल पर्दाथ र मुलदारबाट मल निस्किएको भन्ने समेत व्यहोराको लासजाँच मुचुल्का ।
- बरुण थापाको मृत्युको कारण Blunt force injury to the head in take presence of multiple blunt force, injuries to the entire body भन्ने उल्लेख भएको अटोप्पी रिपोर्ट ।

- २०७७।०८।०१ गते साँझ चिडिया खोलाको वियर बारमा बरुण थापा, म र मिन बहादुर पुन समेत भई बियर पिई बारबाट निस्केको र मूलबाटो गयो भने मादक पदार्थ सेवनको चेकमा पर्न सक्ने अवस्था रहेकोले अर्कोबाटो बाइकमा फर्किने क्रममा खाली चौर देखि एकछिन चौरमा बसौं भन्ने सल्लाह भई चौरमा बस्ने क्रममा निज बरुण थापाले हामीलाई जथाभावी गाली गर्न थाले पछि म समेत भई हेलमेटले हानी ढाली छोडेको हो, मैले एक दुई पटक लात अनि मुक्काले हानेको हो भन्ने समेत व्यहोराको संजय गुरुङ्ग र मिन बहादुर पुन समेतले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।
- बरुण थापालाई संजय गुरुङ्ग, दिपक थापा समेतले हेलमेटले हानी मारेको हुदाँ कर्तव्य ज्यान मुद्दामा सजाय गरी पाउँ भन्ने समेत व्यहोरामा मृतक बरुण थापाको आमा मैया थापा, सञ्जय श्रेष्ठ, बिनोद भण्डारीले गरेको घटना विवरण कागज  कागज ।
- किटानी जाहेरी, घटनास्थल/वरामदी मुचुल्का, अटोस्पी रिपोर्ट, संजय गुरुङ्ग र मिन बहादुर पुनकोको साविती बयान ,मौकामा बुझिएका मैया थापा, सञ्जय श्रेष्ठ, बिनोद भण्डारीको कागजसमेतको आधारमा संजय गुरुङ्ग र मिन बहादुर पुनलाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने समेतको रुपन्देही जिल्ला अदालतमा दायर भएको अभियोगपत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- शुरु रुपन्देही जिल्ला अदालतबाट मिति २०७८।१२।२५ मा भएको फैसला
- उच्च अदालत तुलसीपुर बुटवल इजलासमा प्रस्तुत दायर भएको पुनरावेदनपत्र